भेरी नगरपालिका वार्ड नं ११
जाजरकोट

बस्तुगत विवरण
२०७५/२०७६

तयार गर्ने

भेरी नगरपालिका वार्ड नं ११

जाजरकोट

भेरी नगरपालिकका वार्ड नं ११
जाजरकोट

निर्वाचित जनप्रतिनिधिहरुको विवरण

भेरी नगरपालिका

वडा समितिको कार्यालय

वार्ड नं ११ जाजरकोट

कर्णाली प्रदेश नेपाल

शुभकामना

जाजरकोट जिल्ला अन्तरगत भेरी नगरपालिका वार्ड नं ११को वस्तुगत विवरण तयार पार्ने महत्वपूर्ण जिम्मेवारी पाउनुभएकोमा श्री वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एसोसिएट्स प्रा लि काठमाडौलाई बधाई दिन चाहान्छु । आफुले पाएको जिम्मेवारी इमान्दारीताका साथ निर्वाह गर्नु भएको छ भन्ने विश्वास लिएको छु।

नाम वाट नै स्वतः प्रष्ट छ कि वस्तुगत विवरण तयार गर्नु भन्नाले कुनै पनि भुगोलको आर्थिक,सामाजिक,साँस्कृतिक,राजनितिक,प्रशासनिक,भौगोलिक तथा वातावरणीय आयामका विभिन्न सुचकहरुको आधारमा तथ्य एवम तथ्याङ्क संकलन र सो को विश्लेषण समेतलाई वुझाउछ । त्यस्तो वस्तुगत विवरण ले सम्बन्धीत भूगोलको यथार्थ धरातललाई चित्रण गरेको हुन्छ । विकास निर्माण योजना तर्जुमा गर्न,आवधिक योजना तर्जुमा गर्न,क्षेत्रगत रणनीतिहरु तयार गर्न तथा समग्र विकास र समृद्धिका अल्पकालिन तथा दीर्घकालिन रणनीति तय गर्न वस्तुगत विवरण सहयोग सिद्ध हुन्छ र त्यस्ता योजना तथा रणनीतिहरु यथार्थ वस्तुपरक र कार्यान्वयन गर्न योग्य हुन्छन।

विगत लामो समय सम्म राज्य जनप्रतिनिधि विहिन अवस्थामा गुज्रेको अवस्था र राज्यको नयाँ संरचना अनुरुपको निर्वाचन भई जनप्रतिनिधिले पद वहाली गरेको पनि करीव १८ महिना पछि वस्तुगत विवरण तयार भएको छ। यस सन्दर्भमा प्रस्तुत वस्तुगत विवरणले भेरी नगरपालिका वार्ड नं ११को प्रारम्भिक अवस्थालाई तथ्याङ्क मार्फत जनसमक्ष ल्याउने कार्य गरेको छ । जन प्रतिनिधिहरुलाई वार्ड नं ११ को वस्तुगत अवस्थाको जानकारी समेत गराएको छ।

प्रस्तुत वस्तुगत विवरणले भेरी नगरपालिका वार्ड नं ११को वास्तविक धरातलमा आधारित हुने गरि वार्षिक तथा आवधिक योजना तर्जुमा मार्फत विकास र समृद्धिको सपना पुरा गर्न सहयोग पुर्याउन सकोस भन्ने शुभेच्छा प्रकट गर्न चाहान्छु।

लक्ष्मी प्रसाद जैसी

वार्ड अध्यक्ष

भेरी नगरपालिका

वडा समितिको कार्यालय

वार्ड नं ११ जाजरकोट

कर्णाली प्रदेश नेपाल

शुभकामना

देश संघीय शासन व्यवस्था मार्फत संचालन हुन थालेपछि गठित स्थानीय तहहरु नयाँ भुगोल र संरचनामा आएको हुनाले यसको वर्तमान वस्तुगत अवस्थाको यथार्थ चित्रण गर्नु आवश्यक थियो । यहि आवश्यकता परिपुर्तिकालागि भेरी नगरपालिका वार्ड नं ११कोप्रथम पटक तयार हुन लागेको वस्तुगत विवरण यहाँको यथार्थतालाई तथ्याङ्क मार्फत उजागर गर्नेछ भन्ने विश्वास लिएको छु ।

वस्तुगत विवरण तयार गर्नु भनेको विकास योजना तर्जुमा तथा वार्षिक वजेट तर्जुमाको पुर्व आधार तयार गर्नु हो ।तथ्य र तथ्याङ्कमा आधारित भई निर्माण हुने भावी योजना कार्यान्वयनयोग्य र नतिजामुखी हुने कुरामा दुईमत छैन । यस भेरी नगरपालिका वार्ड नं ११ मा जनप्रतिनिधिहरु वहाल भएपश्चात संचालित कार्यक्रम तथा वजेटलाई वस्तुगत विवरणमा आधारिति वनाउन नसकिएता पनि अव उप्रान्त प्रस्तुत हुने नीति कार्यक्रम तथा वजेटलाई तथ्य र तथ्याङ्कमा आधारित वनाउन यस वस्तुगत विवरणले सहयोग पुर्याउनेछ भन्ने विश्वास लिएको छु ।

भेरी नगरपालिका वार्ड नं ११ को समग्र भूगोललाई समेटी यस भित्रका विविध आयामहरुलाई सुचकको माद्यमवाट तथ्याङ्क संकलन हुने हुदा क्षेत्रगत योजनाहरु निर्माण गर्न सहज हुनेछ । समाज र समुदाय स्तर सम्म पुगी विकासका प्राथमिकता निर्धारण गर्न यो वस्तुगत विवरण गतिलो हतियार बन्न सक्छ । वार्ड नं ११ भित्रको भुगोल,वर्ग क्षेत्र र समुदायको आवश्यकता पहिचान गरि सोही अनुरुप नीति कार्यक्रम तथा वजेट तर्जुमा गर्न यसले सहयोग पुर्याउनेछ ।समग्र वार्ड नं ११को सन्तुलित विकासकालागि पनि वस्तुगत विवरण उपयोगी हुन सकोस भन्ने शुभेच्छा व्यक्त गर्न चाहान्छु ।

भक्त बहादुर राना

वार्ड सचिव

वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एसोसिएट प्रा.लि.

काठमाडौ

स्था: २०७३

दुई शब्द

मुलुकलाई समृद्ध वनाउन हरेक स्थानीय सरकारहरु समृद्ध हुनु जरुरी हुन्छ । जसको लागि अत्यन्तै वस्तुपरक योजनाहरु निर्माण गरि तिनिहरुको प्रभावकारी कार्यान्वयन नै मुख्य उपाय हो । भनिन्छ एउटा मुलुकलाई समृद्ध वनाउन उत्कृष्ट योजनाहरुको निर्माण गर्न जरुरी हुन्छ र त्यो उत्कृष्ट योजना मुलुकको लागि आधा काम सम्पन्न गर्नु सरह हुन्छ ।

कुनै क्षेत्रको विकास गर्न सरल तरिकाले वाटो तय गर्नु जरुरी हुन्छ, जस्को निम्ती सरल ढंगले उपायको खोजी गर्नु पर्दछ । ऐले हामी कहाँ छौ ? अव कहाँ जाने ? र त्यो कसरी सम्भव छ ? यी तीन प्रश्नहरुको सरल जवाफ नै मुलुक वा समाज परिवर्तन गर्ने अचुक र सरल उपाय हुन्छन् । पहिलो प्रश्नको जवाफ वस्तुगत विवरण मार्फत प्राप्त गरिन्छ भने दोश्रो र तेश्रो प्रश्नको जवाफ आवधिक विकास योजना वा गुरु योजना मार्फत प्राप्त गरिन्छ ।

पार्श्वचित्र वा वस्तुगत विवरणहरुको संगालो एउटा यस्तो ऐना हो जुन ऐनावाट स्थानीय निकायको सम्पुर्ण विवरणहरु र्छलङ्ग रुपमा सहज अवलोकन गर्न सकिन्छ । यसै सन्दर्भमा भेरी नगरपालिका वार्ड नं ११ ले आफ्नो पार्श्व चित्र (वस्तुगत विवरण) वनाउनको लागि परामर्शदाता संस्थाको रुपमा वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एसोसिएट्स प्रालि, काठमाडौ लाई छनौट गरि यो पार्श्व चित्र निर्माण गर्ने जुन अवसर प्रदान गर्नु भयो त्यसको लागि भेरी नगरपालिका वार्ड नं ११ का सम्पुर्ण पदाधिकारीहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यो पार्श्व चित्र निर्माण कार्य त्यति सहज छैन । यस कार्यलाई अत्यन्तै सत्य तथ्य परक वनाउन भर मग्धुर प्रयास गरिएको छ । यसलाइ सम्पन्न गर्न विभिन्न क्षेत्रवाट सवैको साथ सहयोग प्राप्त भएको छ । यो पार्श्व चित्र निर्माणमा तथ्यांक विश्लेषण विज्ञको रुपमा कार्य गर्नु हुने श्री केशवराज ढुंगेललाइ विशेष धन्यवाद ज्ञापन गर्दछु । यो प्रोफाइल तयार गर्न समन्वय कर्ताको रुपमा कार्य गर्नु हुने प्रा.लि.का कार्यक्रम अधिकृत श्री तुलसिंह अधिकारी, तथ्यांक संकलकको रुपमा जिम्मा लिई हरेक वस्तीका घर घर पुगि तथ्यांक संकलन गर्नु हुने तथ्यांक संकलक सुदिक्षा आचार्य लाइ पनि विशेष धन्यवाद दिन चाहन्छु ।

वस्तुगत विवरण तयार गरेर मात्र पुग्दैन । यो वस्तुगत विवरणको आधारमा सहि विश्लेषण गरेर सहि योजनाहरु निर्माण गरि त्यसको सहि र प्रभावकारी कार्यान्वयनवाट मात्र भेरी नगरपालिका वार्ड नं ११ ले सोचे अनुसारको प्रतिफल प्राप्त गर्न सक्दछ । यो वस्तुगत विवरणमा प्राप्त सुचना र तथ्यांकहरुको सहयोगमा नगरपालिकाले आवधिक तथा गुरुयोजना निर्माण गरेर अघि वढ्नु अबको आवश्यकता हो । नगरपालिकाको ध्यान त्यता तर्फ जानेछ भन्दै र्सवाङ्गीण र चौतर्फी विकासको लागि शुभकामाना समेत व्यक्त गर्न चाहान्छु ।

१५ मंसीर २०७५

गंगा वहादुर शाही
प्रवन्ध निर्देशक

प्रकाशकीय

नेपालको संविधान २०७२ ले कल्पना गरे अनुसार स्थानीय निकाय पुनरसंरचना गर्दै अधिकार सम्पन्न स्थानीय तह तयारीको कार्य अगाडी बढिरहेको छ । जस अनुसार जाजरकोट जिल्लामा साविकमा कायम रहेका १ नगरपालिका र २६ गाउँ विकास समितिलाई पुनरसंरचना मार्फत हाल ३ नगरपालिका र ४ गाउँपालिका एकाई कायम गरिएको छ । नयाँ भौगोलिक संरचना अनुसार साविकमा गाविस अर्न्तगतका भौगालिक अवस्थिति लगायत जनसंख्या, आर्थिक, सामाजिक, प्राकृतिक श्रोत र साधनहरु समेतको अवस्थामा परिवर्तन भएको छ।

अधिकार निक्षेपणका हिसावले यसरी नयाँ कायम भएका स्थानीय तह नै स्थानीय सरकार बनेका छन् । स्थानीय तहको चुनाव समेत सम्पन्न भई नया जन प्रतिनिधिहरुले कार्यभार संम्हाली सकेको पनि १८ महिना भन्दा वढि भइसकेकोछ। करीव १५ वर्ष पछि स्थानीय तहमा आएका जनप्रतिनिधिहरुलाई नया जोस जाँगर सहित चुनाव ताका गरिएका प्रतिवद्धता पुरा गराउनको लागि हालको वर्तमान यथार्थता भित्र रहेर नयाँ योजनाहरु निर्माण गरि संघीयता कार्यान्वयमा जोड दिनु पर्ने अवस्था रहेको छ। यद्यपी नयाँ संरचनाका स्थानीय निकायहरुमा भरपर्दो, आधिकारिक र पर्याप्त सूचनाहरुको आवश्यकता तथा तथ्याङ् कहरुको अभिलेख उपलब्ध हुन सकिरहेको थिएन। राष्ट्रिय जनगणना २०६८ सालको विवरण हाल धेरै परिवर्तन भएको छ। त्यसैले सबै विवरणहरु प्राथमिक रुपमा नै संकलन गरेर ताजा अवस्थाको यथार्थ चित्र प्रस्तु गर्न यो भेरी नगरपालिका वार्ड नं ११ को वस्तुगत विवरण तयार गरिएको छ।

नेपाल सरकार तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०७४/०१/२६ मा सबै स्थानीय तहहरुले आ आफ्नो क्षेत्रका वस्तुगत विवरण तोकिएको ढाँचामा तयार गरी वेभ साईडमा राख्न निर्देशन प्राप्त भएको छ। सो आधारमा उपलब्ध सबै सूचना तथा जानकारीहरुको आधारमा परामर्शदाता संस्था **वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एसोसिएट्स प्रा लि** को सहयोगमा यो वस्तुगत विवरण तयार गरिएको छ।

निर्धारित समय भित्र यो भेरी नगरपालिका वार्ड नं ११ को पार्श्व चित्र तयारी गर्न सहयोग गर्नुहुने वार्ड नं ११ का सम्पुर्ण कर्मचारीहरु विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु,सूचना उपलव्ध गराउनुहुने विभिन्न विषयगत कार्यालयहरु,प्राथमिक तथ्याङ्क संलकन गर्ने गणकहरु,सूचना विश्लेषण गरि निश्कर्ष निकाल्ने विश्लेषकहरु लगायत परियोजना संचालन गर्ने परामर्शदाता वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एसोसिएट्स प्रालि काठमाडौ प्रति हार्दिक आधार व्यक्त गर्दछौ साथै भेरी नगरपालिका वार्ड नं ११ निवासी सम्पुर्ण दाजुभाई दिदि वहिनिहरुले यसको समुचित प्रयोगमा सहयोग गर्नु हुनेछ भन्ने विश्वास सहित सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ।

भेरी नगरपालिका
वार्ड नं ११

वस्तुगत विवरण किन ?

विकास निर्माणका कार्यहरुका निर्दिष्ट लक्ष्य, उद्देश्य र अपेक्षित प्रतिफल प्राप्त गर्नका लागि योजनावद्ध तरिकाले अगाडि बढ्नु पर्ने कुरामा राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय लगायत जुनसुकै स्तरमा कसैको पनि दुईमत छैन । स्थानीय योजना तयारीको लागि आधारभूत खम्बाको रुपमा सम्बन्धित क्षेत्रको विस्तृत वस्तुगत सूचनाहरुको आवश्यकता जरुरी हुन्छ । तिनै वस्तुगत विवरणका सूचकाङ्कले संकेत गरेअनुसार स्थानीय निकाय तथा स्थानीय सरकार अगाडी बढ्न सके त्यसबाट प्राप्त प्रतिफल दिगो र प्रभावकारी हुन्छ । यसले स्थानीय निकायमा सुशासन प्रवर्द्धनमा समेत सहयोग पुग्नेछ । यसका लागि शुरु देखि अन्त्य सम्म स्थानीय जनसहभागिता जुट्न सक्ने पारदर्शी र दिगो विकास प्रकृयाहरुको आवश्यक्ता टड्कारो रुपमा देखिएको छ । नेपालको सन्दर्भमा लोकतन्त्रको स्थापनासँग नेपालको संविधान २०७२ ले स्थानीय जनतालाई शासन सञ्चालनमा प्रत्यक्ष र नजिकको हक स्थापना गर्दै राज्यको पुनरसंरचनाको व्यबस्था गरेको छ । जसअनुसार प्रान्तीय संरचनामा साविकको स्थानीय निकायको रुपमा रहेका गाउँविकास समितिहरुको सिमांकनमा हेरफेर गरी नयाँ संरचनामा स्थानीय सरकारको रुपमा अधिकार सम्पन्न स्थानीय सरकारको अवधारणा अगाडी ल्याएको छ । यस अवस्थामा नँया घोषणा भएका स्थानीय निकायको प्रशासनिक व्यबस्थापन सहज पार्दै बस्तुनिष्ठ योजना तयारीका लागि घरधुरी स्तरको तथ्याङ्क र सूचनाहरु अद्यावधिक भई नसकेकोले सोही खाडल पुर्ति गर्ने उद्देश्यले आवश्यक प्राथमिक र द्धितिय स्तरका सूचनाहरु संकलन गरी त्यसैको आधारमा यो भेरी नगरपालिका वार्ड नं ११ को वस्तुगत विवरण तयार गरिएको छ ।

यो वस्तुगत विवरणमा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४ वैशाख २६ गतेको परिपत्र अनुसारको ढाँचामा रहेर सार्न्दभिक सबै तालिकाहरुलाई अधिकंतम तालमेल मिलाउने प्रयास गरिएको छ ।वस्तुगत विवरण तयारीको लागि सबै वस्तीमा रहेका समग्र सूचना तथा सामाजिक, आर्थिक लगायत अन्य क्षेत्रको बस्तुगत अवस्थाबारे जानकारी आवश्यक पर्ने भएकोले वस्ती स्तरमा वस्तुगत अवस्थालाई संकलन गरी विश्लेषण गरिएको छ । वस्तुगत अवस्थाले संकेत गरेका सुचकाङ्कका आधारमा आगामी स्थानीय स्तरका योजनाहरु प्रस्ताव गर्न सहज हुनेछ ।

यो भेरी नगरपालिका वार्ड नं ११ को वस्तुतगत विवरण तयारीका उदेश्यहरु निम्नानुसार रहेका छनः

- विकास प्रकृयाको लागि महत्वपुर्ण तीन प्रश्नहरु "ऐले म कहाँ छु ?" "अव म कहाँ जाने ?" र "त्यो कसरी संभव छ ?" मध्ये पहिलो प्रश्नको वास्तविक जवाफ खोज्ने ।
- भेरी नगरपालिका वार्ड नं ११,जाजरकोटको सबै घरधुरीमा पुगी आर्थिक, सामाजिक, भौतिक,प्राकृतिक र मानवीय सम्पत्तीको लेखाजोखा गर्ने ।
- भेरी नगरपालिका वार्ड नं ११ को वर्तमान यथार्थतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने ।
- योजना तर्जुमा वजेट वाँडफाडका लागी आधार तयार गर्ने ।
- संभावना भएजति सबै सूचनाको जातीय लिङ्गीय र क्षेत्रीय हिसावले विश्लेषण गर्ने ।
- हरेक तथ्याङ्कको समाजशास्त्रीय,ग्रामिण विकास र लैङ्गिक सामाजिक हिसावले विश्लेषण गर्ने ।
- आवधिक विकास योजनाको लागि मार्ग प्रस्स्त गर्ने ।
- वडाको योजना तर्जुमा प्रकृयमा आवश्यक पर्ने सबै सूचनाहरु वडा स्तरमा नै अद्यावधिक गर्ने ।

विषय सुची

१. परिचय.....१

१.१ऐतिहासिकपृष्ठभूमी तथा सिमाना.....१

२. स्थानीयचार्डपर्वतथाजात्रामेलाहरुकोविवरण.....१

३. पर्यटकीय स्थलहरुको विवरण.....१

४.सामुदायिक वनको विवरण.....३

५.जनसंख्या वितरणको अवस्था.....३

५.१. वस्ती अनुसार घरधुरी तथा जनसंख्याको विवरण.....३

५.२. उमेरका आधारमा जनसंख्याको विवरण.....४

५.३. मातृभाषाका आधारमा जनसंख्याको विवरण.....५

५.४. धर्मका आधारमा जनसंख्याको विवरण.....५

५.५. जातका आधारमा घरधुरीको विवरण.....६

५.६. जातका आधारमा जनसंख्याको विवरण.....६

५.७. थरका आधारमा घरधुरी तथा जनसंख्याको विवरण.....७

५.८. जातीय तथा लिङ्गीय आधारमा घरमुलीको विवरण.....१४

५.९.अपाङ्गता सम्बन्धी विवरण.....१५

५.१०.घरको छानो तथा गारो सम्बन्धी विवरण.....१६

५.११.घर सम्म पुग्ने वाटो सम्बन्धी विवरण.....१७

५.१२.स्वामित्वका आधारमा घरधुरीको विवरण.....१८

५.१३. एकल जनसंख्याको विवरण.....१९

५.१४. पेशाका आधारमा जनसंख्याको विवरण.....१९

५.१५. विशेष सीपयुक्त जनसंख्याको विवरण.....२१

५.१६. वैदेशिक रोजगार सम्बन्धी विवरण.....२२

५.१७. चर्पी उपयोग सम्बन्धी विवरण २३

५.१८. परिवार नियोजन सम्बन्धी विवरण..... २४

५.१९.दीर्घरोगी सम्बन्धी विवरण २४

५.२०. खानेपानीको श्रोत सम्बन्धी विवरण २५

५.२०.१. खानेपानीको मुख्य श्रोत सम्बन्धी विवरण..... २५

५.२०.२. खानेपानीको सहायक श्रोत सम्बन्धी विवरण..... २५

५.२१. खाना पकाउने चुल्हो सम्बन्धी विवरण २६

५.२२. खाना पकाउने इन्धन सम्बन्धी विवरण..... २७

५.२३. उज्यालोको लागि वत्ती प्रयोग सम्बन्धी विवरण २७

५.२४. सेवासुविधा उपलव्धता सम्बन्धी विवरण २८

५.२५. सेवासुविधा उपयोग सम्बन्धी विवरण..... २९

५.२६. जीविकोपार्जन सम्बन्धी विवरण..... २९

५.२६.१. वैदेशिक रोजगार विना जीविकोपार्जन सम्बन्धी विवरण.....३०

५.२६.२. वैदेशिक रोजगार सहित जीविकोपार्जन सम्बन्धी विवरण..... ३२

६. घरजग्गामा महिलाको स्वामित्व सम्बन्धी विवरण ३६

७. परिवारको स्वामित्वमा रहेको जग्गा सम्बन्धी विवरण ३७

८.सिंचाई सुविधा उपलव्धता सम्बन्धी विवरण ३८

९. घरपालुवा पशुपंक्षी सम्बन्धी विवरण..... ३९

१०.आर्थिक सम्पन्नता सम्बन्धी विवरण ३९

११. शिक्षा सम्बन्धी विवरण.....४१

११.१.स्कुल नगएका र विचैमा कक्षा छोडेका वालवालिकाको विवरण ४२

११.२.निराक्षर जनसंख्या सम्बन्धी विवरण..... ४२

११.३.साक्षरता दर सम्बन्धी विवरण..... ४३

१२. वार्षिक आम्दानि सम्बन्धी विवरण ४३

१३. वार्षिक उत्पादन सम्बन्धी विवरण..... ४६

१४. वार्षिक उत्पादनको खपत सम्बन्धी विवरण..... ४७

१५. वार्षिक खर्च सम्बन्धी विवरण..... ४८

१६. विरामी हुदा पहिलो उपचार सम्बन्धी विवरण..... ४९

१७. प्राकृतिक प्रकोप सम्बन्धी विवरण..... ५०

१८. नजिकको स्वास्थ्य संस्था पुग्न लाग्ने समय सम्बन्धी विवरण..... ५१

१९. नजिकको प्रहरी चौकी पुग्न लाग्ने समय सम्बन्धी विवरण ५१

२०. नजिकको बैक पुग्न लाग्ने समय सम्बन्धी विवरण ५२

२१. नजिकको बजार पुग्न लाग्ने समय सम्बन्धी विवरण..... ५३

२२. कुपोषण लागेका वालवालिका सम्बन्धी विवरण..... ५३

२३. अकाल मृत्यु सम्बन्धी विवरण..... ५४

२४. फोहोरमैला व्यवस्थापन सम्बन्धी विवरण ५४

२५. सामुदायिक संगठनमा आवद्धता सम्बन्धी विवरण..... ५५

२६. वातावरण तथा सरसफाई सम्बन्धी विवरण..... ५६

२७. बैक तथा वित्तीय सम्बन्धी विवरण ५७

२८. धार्मिक स्थल सम्बन्धी विवरण ५७

२९. विद्यालय..... ५८

२९.१. विद्यालयको संख्यात्मक विवरण ५८

२९.२.विद्यालयमा शौचालय सम्बन्धी विवरण..... ५८

२९.३.तहगत शिक्षक सम्बन्धी विवरण ५८

२९.४. शिक्षक तथा विद्यार्थी अनुपात सम्बन्धी विवरण ५९

३०. सडक सञ्जाल सम्बन्धी विवरण ५९

३१. व्यापारिक केन्द्र सम्बन्धी विवरण ६०

३२. खेल मैदान सम्बन्धी विवरण ६०

३३. वालवालिका सम्बन्धी विवरण ६१

३३.१.पार्क तथा वालउद्यान सम्बन्धी विवरण ६१

३३.२. बाल क्लव सम्बन्धी विवरण ६१

३३.३. बाल क्लव तथा वाल समुहले प्रतिनिधित्व गरेका संघ संस्थाको विवरण ६१

३३.४. कामदारको रुपमा घरवाट वाहिर गएका वालवालिकाको विवरण ६१

३३.५. १८ वर्ष भन्दा कम उमेरमा विवाह गरेका वालवालिकाको विवरण ६२

३३.६. परिवार विहिन वालवालिकाको विवरण ६२

३४. महिला हिंसा सम्बन्धी विवरण ६३

३५. सरकारी कार्यालय सम्बन्धी विवरण ६३

३६. पुल पुलेसा सम्बन्धीविवरण ६३

३७. व्यापार व्यवसाय सम्बन्धी विवरण ६४

३८. हवाई सेवा सम्बन्धी विवरण 66

३९. पशुवधशाला सम्बन्धी विवरण ६६

४०.शव दाह संस्कार सम्बन्धी विवरण ६६

४१.व्यवसायिक पकेटक्षेत्र सम्बन्धी विवरण ६७

४२. होटल सम्बन्धी विवरण ६७

४३. सुरक्षा निकाय सम्बन्धी विवरण ६७

४४. वन्य जन्तु तथा चराचुरङ्गी सम्बन्धी विवरण ६८

४५. रुख तथा जडिवुटी सम्बन्धी विवरण ६९

४६. भु संवेदनशिल क्षेत्र सम्बन्धी विवरण..... ६९

४७.जल सम्पदा सम्बन्धी विवरण 70

४८. वाली प्रणाली सम्बन्धी विवरण..... ७०

४९. स्वास्थ्य संस्था सम्बन्धी विवरण ७१

५०. रेडियो स्टेसन सम्बन्धी विवरण..... ७१

५१. गैह्र सरकारी संस्था सम्बन्धी विवरण..... ७१

५२. सार्वजानिक शौचालय सम्बन्धी विवरण..... ७२

५३. राजनैतिक दल सम्बन्धी विवरण ७२

५४. वडामा कार्यरत कर्मचारीहरुको विवरण ७२

५५. वडाका निर्वाचित जनप्रतिनिधिहरुको विवरण..... ७२

५६. समग्र अवस्था र निष्कर्ष..... ७३

१. परिचय

१.१ऐतिहासिक पृष्ठभूमी तथा सिमाना

भेरी नगरपालिका जाजरकोट जिल्लाको सदरमुकाम हो । यो नगरपालिकाको नाम यसै नगरपालिकालाई फन्को लगाएर वग्ने हीम नदी "भेरी"को नामवाट राखिएको हो । यो नगरपालिका साविकको भेरी मालिका नगरपालिकाको रुपान्तरीत स्वरुप हो । यो नगरपालिकाको कूल क्षेत्रफल २१९.७८ वर्ग किलोमिटर रहेको छ । यो नगरपालिकामा जम्मा १३ वटा वडाहरु रहेका छन । क्षेत्रफलका आधारमा हेर्दा यो नगरपालिकामा ३.१६ वर्ग किमि देखि ४८.२३ वर्ग किमि सम्म क्षेत्रफल भएका वार्डहरु रहेका छन । यी वार्ड मध्ये ११ नं चाहि १५.७४ वर्ग किमि क्षेत्रफल रहेको वार्ड हो । यो वार्डको पुर्वमा भेरी रुकुम जिल्ला पर्दछ भने पश्चिममा भेरी नगर वार्ड नं १० पर्दछ ।त्यसै गरी उत्तर तर्फ भेरी नगरपालिकाकै वार्ड नं ५ र ८ पर्दछ भने दक्षिण तर्फ वार्ड नं १२ र सल्यान जिल्ला पर्दछ । यो वार्ड नं ११ मा मुख्य रुपमा ५ वटा वस्तीहरु रहेकाछन ती वस्तीहरु कटिगाउँ करगाउँ,खोदा तिमिले चौर सानचौर,वाहुनगाउँ कुप्रेकोट स्यालापानी,मटेला काँस्तरा र महतरागाउँ कार्कीगाउँ हुन । यो भेरी नगरपालिका वार्ड नं ११ मा सबैभन्दा वढी कामी जातीको बसोबास रहेको छ भने त्यसपछी ,क्षेत्री,वाहुन,ठकुरी र सन्यासी जातीको बसोबास रहेको छ । स्थानीय जीवनशैली, परम्परागत संस्कृति, प्राकृतिक स्रोत-साधनभेरी नगरपालिका वार्ड नं ११को प्रमुख विशेषता हो । यो वार्डले भेरी नगरपालिकाको कूल क्षेत्रफलको ७.१६% हिस्सा ओगटेकोछ ।

२. स्थानीय चार्डपर्व तथा जात्रा मेलाहरुको विवरण

धार्मिक सहिष्णुता तथा सांस्कृतिक विविधताको विशिष्ट पहिचान बोकेको भेरी नगरपालिका वार्ड नं ११ मा जातजाति अनुसार चाडपर्व तथा मेलाहरुमा समेत अनेकतामा एकता देख्न सकिन्छ । बिशेषगरी ब्राम्हृणक्षेत्री, आदिवासी जनजाति,दलित समुदायहरुले सबै चाडपर्वहरु मिलेर मनाउने वा सहयोग गर्ने गरेको अवस्था छ । उल्लेखित जातीहरु मध्ये यो वार्ड नं ११ मा कामी जातीको वाहुल्यता रहेको छ । कूल जनसंख्याको ४५% जनसंख्या कामी जातीको रहेको छ भने रहेको छ भने अन्य जातीहरुमा क्षेत्री वाहुन ठकुरी सन्यासीको रहेको छ । यहाँ विभिन्न जातीका विशेष चाडहरु, हिन्दु सनातन संस्कृतिका पर्वहरु साथै क्रिसमस समेत धुमधाम संग मनाइने गरिन्छ । भेरी नगरपालिका वार्ड नं ११ भित्र मनाइने पर्व,मेला तथा नाचको विवरण तल प्रस्तुत गरिएको छ ।

क्रस	मुख्य चाडपर्व / मेला नाचको नाम	मनाउने महिना / दिन	मनाउने प्रमुख जाती वा धर्मावलम्वी	कैफियत
१	असारे सक्रान्ती	साउन १ गते	हिन्दु धर्मालम्बी सबै	
२	जनै पुर्णीमा	श्रावण पुर्णिमा	हिन्दु धर्मालम्बी सबै	
३	नागपंचमी	भाद्र	हिन्दु धर्मालम्बी सबै	
४	कृष्ण जन्माष्टमी	भाद्र कृष्ण अष्टमी	हिन्दु धर्मालम्बी सबै	
५	तीज	भाद्र शुक्ल तृतिया	हिन्दु महिलाहरु	

क्रस	मुख्य चाडपर्व / मेला नाचको नाम	मनाउने महिना / दिन	मनाउने प्रमुख जाती वा धर्मावलम्वी	कैफियत
६	तीज पंचमी	भाद्र शुक्ल पंचमी	हिन्दु महिलाहरु	
७	दशैं	असोज	हिन्दु धर्मालम्बी सबै	
८	तिहार	कात्तिक	हिन्दु धर्मालम्बी सबै	
९	मंशीर पुर्णिमा	मंशीर	हिन्दु धर्मालम्बी सबै	
१०	पुष पन्ध्र	पौष १५	हिन्दु धर्मालम्बी सबै	
११	माघेसक्रान्ती	माघ १ गते	हिन्दु धर्मालम्बी सबै	
१२	शिवरात्री	फागुन	हिन्दु धर्मालम्बी सबै	
१३	होली पुर्णीमा	फागुन	हिन्दु धर्मालम्बी सबै	
१४	चैते दशै	चैत्र	हिन्दु धर्मालम्बी सबै	
१५	ख्याली नाच			
१६	खाँडो नाच			
१७	सिंगारु नाच			
१८	सरींगे (मयुर, गर्रा) नाच			
१९	टप्पा नाँच			
२०	झ्याउरे नाच			

३. पर्यटकीय स्थलहरुको विवरण

भेरी नगरपालिका वार्ड नं ११ पर्यटकीय सम्भावनाका हिसावले महत्वपुर्ण मानिन्छ। जाजरकोटको इतिहाससंग जोडीएका ऐतिहासिक जक्तिसिंह राजाको दरबार भएको स्थान, राजाका पाइला, बायु घट्ट, मटेला पुल र देवलहरु लगायतका सम्पदाहरु यसै वडामा पर्दछन्। यी सम्पदाहरुको उचित संरक्षण र प्रचार प्रसार हुन सकेको खण्डमा यो ठाउँ मात्र नभइ जिल्ला नै एउटा पर्यटकिय स्थलको रुपमा चर्चित हुने सम्भावना छ। यस वडामा रहेका ऐतिहासिक महत्वको पर्यटकीय स्थलहरु को संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छः

क्रस	पर्यटकीय स्थलको नाम	वस्ती	महत्व	औषत आउने पर्यटक	
				स्वदेशी	विदेशी
१	बायू घट्ट	जगतिपुर	जगतिसने महाराजको पालामा निर्मित	१५००	
२	शिवालय मन्दिर		ऐतिहासिक धार्मिक स्थल	१५००	

क्र स	पर्यटकीय स्थलको नाम	वस्ती	महत्व	औषत आउने पर्यटक	
				स्वदेशी	विदेशी
३	मटेला पुल	मटेला	चन्द्र शमशेरकी कान्छी रानीको आग्रहमा बनाईएको	३०००	
४	चर्त्रुमाला मदिर		ऐतिहासिक धार्मिक स्थल	५००	
५	देवल	बाहुनगाउँ	ऐतिहासिक प्राचिन स्थल	२००	
६	शीलास्तम्भ	जगतिपुर	पुरानो लीपी कुदीएको		

श्रोतः वार्ड नं ११तथा अन्य वुज्रुकहरु

४.सामुदायिक वनको विवरण

जाजरकोट जिल्लामा वन क्षेत्र प्रसस्त रहेको छ भने भेरी नगरपालिका वार्ड नं ११ मा पनि उल्लेखनीय रुपमा वन क्षेत्र रहेको छ। खोच वेसी सहित उच्च पहाडी क्षेत्र भएको हुनाले पनि यो वार्ड नं ११ मा विशेषगरी साल सल्लो वाँज उत्तीस फलाँठ लागयत रुख भएका वनहरु प्रसस्त रहेका छन। हाल सम्म यहाँ ३ वटा सामुदायिक वनहरु गठन गरी समुदायलाई हस्तान्तरण गरिएको छ। हाल सम्म हस्तान्तरित सामुदायिक वनको विवरण तल प्रस्तुत गरिएको छ।

क्रस	सामुदायिक वनको नाम	क्षेत्रफल	घरधुरी र जनसंख्या			कैफियत
			घरधुरी	महिला	पुरुष	
१	हरियाली सा ब उ स	८४	४६	१२८	११३	
२	जगतिपुर सा ब उ स	४५	८३	२३४	१५६	
३	पाटुपाखा सा ब उ स	५७ ६	१२५	३४८	३०२	

श्रोतः जिल्ला वन कार्यालय जाजरकोट

५.जनसंख्या वितरणको अवस्था

५.१. वस्ती अनुसार घरधुरी तथा जनसंख्याको विवरण

भेरी नगरपालिका वार्ड नं ११ मा कूल ५ वटा वस्ती र ६१० घरधुरी रहेका छन भने जनसंख्या ३३८२ रहेको छ। १५.७४ वर्ग किलो मिटर क्षेत्रफल रहेको यो वार्डमा जनघनत्व भने प्रति वर्ग किलोमिटर २१५ रहेको छ। यो वडामा महिला पुरुष अनुपात पनि ०:९७ रहेको छ अर्थात महिलाको संख्या पुरुष को संख्या भन्दा ५० ले कमि रहेको छ। (कूल ३३८२ जनसंख्या मध्ये महिला १६६६ र पुरुष १७१६ रहेका छन। परिवारको औषत आकार ५.५ प्रति घरधुरी रहेको छ परिवारको आकारमा सबै भन्दा धेरै ५.८ वाहुन गाउँ कुपेकोट स्यालापानी वस्तीमा मा रहेको छ भने सबैभन्दा कम मटेला काँस्तरा वस्तीमा ५.१ रहेको छ। माथि उल्लेखित जनसंख्या सम्बन्धी वस्ती स्तरीय विवरण तल प्रस्तुत गरिएको छः

वस्ती	घरधुरी संख्या	जनसंख्या			क्षेत्रफल (वर्ग किमि)	जन घनत्व	परिवारको औषतआकार	महिला पुरुषअनुपात
		महिला	पुरुप	जम्मा				
कटि गाउँ करगाउँ	९२	२३३	२७६	५०९		०	५.५	०.८४
खोदा तिमिलेचौर सानचौर	५५	१४८	१४५	२९३		०	५.३	१.०२
वाहुन गाउँ कुप्रेकोट स्यालापानी	२१०	५९८	६१७	१२१५		०	५.८	०.९७
मटेला काँस्तरा	८८	२१९	२२८	४४७		०	५.१	०.९६
महतरागाउँ, कार्की गाउँ	१६५	४६८	४५०	९१८		०	५.६	१.०४
जम्मा	६१०	१६६६	१७१६	३३८२	१५.७४	२१५	५.५	०.९७

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.२.उमेरका आधारमा जनसंख्याको विवरण

उमेका आधारमा भेरी नगरपालिका वार्ड नं ११ को जनसंख्यालाई मुख्य हिसावले भिन्न भिन्न उमेर समुह को जनसंख्या गणना गरिएको छ। त्यस्तै आर्थिक हिसावले सकृय उत्पादनमुलक जनसंख्या र आश्रित जनसंख्या पनि गणना गरिएको छ। यसका संगसंगै सामाजिक सुरक्षाका हिसावले जेष्ठ नागरिकहरुको संख्या समेत गणना गरिएको छ। यो वडामा हाल कायम रहेको ३८८२ मध्ये ५८% अर्थात १९५९ जनसंख्या आर्थिक रुपमा सकृय रहेको छ (१५ देखि ५९ वर्ष सम्मको) भने ४२% अर्थात १४२३ जनसंख्या आश्रित रहेको छ। हाल यो वडाको कूल जनसंख्याको करिव १% अर्थात २९ जना जेष्ठ नागरिक रहेका छन। माथि उल्लेखित विवरण लाई तालिकामा तल प्रस्तुत गरिएको छः

वस्ती	५ वर्ष मुनिका	५-१४ वर्षसम्म	१५ -५९ वर्षसम्म	६०-६९ वर्षसम्म	७० वर्ष माथिका	आश्रितजनसंख्या		आर्थिकरुपलेसकृय	
						जनसंख्या	प्रतिशत	जनसंख्या	प्रतिशत
कटि गाउँ करगाउँ	७७	१४४	२५९	२४	५	२५०	४९	२५९	५१
खोदा तिमिलेचौर सानचौर	२०	८७	१६६	१८	२	१२७	४३	१६६	५७
वाहुन गाउँ कुप्रेकोट स्यालापानी	१६५	२६२	७२२	६१	५	४९३	४१	७२२	५९
मटेला काँस्तरा	३९	८१	२९२	२८	७	१५५	३५	२९२	६५
महतरागाउँ, कार्की गाउँ	१३७	२१६	५२०	३५	१०	३९८	४३	५२०	५७
जम्मा	४३८	७९०	१९५९	१६६	२९	१४२३	४२	१९५९	५८

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.३. मातृभाषाका आधारमा जनसंख्याको विवरण

भेरी नगरपालिका वार्ड नं ११ मा मुख्य रुपमा क्षेत्री, कामी, ठकुरी, वाहुन , दमाइ, सार्की, मगर तथा सन्यासी जातीहरुको बसोबास रहेको छ । उल्लेखित जातीहरुमा मगर जातीको आफ्नो मातृभाषा रहेको छ तर पनि दैनिक वोलिचालिको हिसावले नेपाली भाषा नै प्रमुख रुपमा रहेको छ। मगर जातीका तीन थरि भाषाहरू छन् ती तीन थरिका भाषामा ढुट, खाम र काइके हुन यी तीनै थरिका भाषालाई मगर भाषा भनिन्छ । मातृभाषाका आधारका भेरी नगरपालिका वार्ड नं ११ को जनसंख्यालाई तल प्रस्तुत गरिएको छः

वस्ती	नेपाली	मगर	गुरुङ	नेवारी	जम्मा	कैफियत
कटि गाउँ करगाउँ	९२	०	०	०	९२	
खोदा तिमिलेचौर सानचौर	५५	०	०	०	५५	
वाहुन गाउँ कुप्रेकोट स्यालापानी	२१०	०	०	०	२१०	
मटेला काँस्तरा	८५	३	०	०	८८	
महतरागाउँ, कार्की गाउँ	१६४	१	०	०	१६५	
जम्मा	६०६	४	०	०	६१०	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.४. धर्मका आधारमा जनसंख्याको विवरण

भेरी नगरपालिका वार्ड नं ११ मा बसोबास गर्ने प्रायः सबै जातजातीका मानिसहरु हिन्दु धर्म मान्ने गर्दछन । पछिल्लो समयमा सबै जातजातीका केही युवाहरुमा क्रिश्चियन धर्म प्रति पनि आस्था रहेको पाइएको छ । यो तथ्याङ्क संकलनको हिसावमा गणकले तथ्याङ्क संकलन गर्न जाँदा विवरण दिने व्यक्तिको सूचनाका आधारमा यो विवरण तयार गरिएको छ। एउटै घरमा एक भन्दा वढी धर्मावलम्वी भएमा यसमा गणना गरिएको छैन । हाल भेरी नगरपालिका वार्ड नं ११ मा रहेका ६१० घरधुरी मध्ये सबै घरधुरी हिन्दु धर्मावलम्वी भएको पाइएको छ । जसको विवरण तल प्रस्तुत गरिएको छः

धर्म	भेरी नगरपालिका वार्ड नं ११ का बस्तीहरु					जम्मा	कैफियत
	कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
हिन्दु	९२	५५	२१०	८८	१६५	६१०	
बौद्ध	०	०	०	०	०	०	
क्रिश्चियन	०	०	०	०	०	०	
जम्मा	९२	५५	२१०	८८	१६५	६१०	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.५. जातका आधारमा घरधुरीको विवरण

भेरी नगरपालिका वार्ड नं ११ मा जातका आधारमा सबैभन्दा वढी घरधुरी कामी जातीको रहेको छ । कूल घरधुरीको ४५% अर्थात २७३ घरधुरी कामीको मात्र रहेको छ। त्यसपछि दोश्रोमा क्षेत्री जातीको घरधुरी रहेको छ । कूल ६१० घरधुरी मध्ये यो जातीका २८% घरधुरी रहेकाछन । तेश्रोमा वाहुन जातीका घरधुरी रहेकाछन जुन १९% रहेको छ भने चौथौमा ठकुरी जाती रहेको छ जसको ३ % घरधुरी रहेको छ। त्यसै गरी सन्यासी, दमाई, मगर, वादी, थारु र राई जातीका केही घरधुरीको पनि यस वडामा बसाबास रहेको छ। यो वडामा रहेका घरधुरीको जातीय आधारमा वस्ती स्तरीय विवरण तल प्रस्तुत गरिएको छः

क्रस	जात	भेरी नगरपालिका वार्ड नं ११ का बस्तीहरु					जम्मा	प्रतिशत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	कामी	९२	४	८९	२६	६२	२७३	४५%
२	क्षेत्री	०	४९	३	२६	९३	१७१	२८%
३	बाहुन	०	२	१०१	१२	३	११८	१९%
४	ठकुरी	०	०	१०	५	२	१७	३%
५	सन्यासी	०	०	०	१४	०	१४	२%
६	दमाई	०	०	७	१	२	१०	२%
७	मगर	०	०	०	३	१	४	१%
८	वादी	०	०	०	०	१	१	०%
९	थारु	०	०	०	१	०	१	०%
१०	राई	०	०	०	०	१	१	०%
	जम्मा	९२	५५	२१०	८८	१६५	६१०	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.६. जातका आधारमा जनसंख्याको विवरण

भेरी नगरपालिका वार्ड नं ११ मा जातका आधारमा माथि उल्लेखित घरधुरीमा रहेको जनसंख्या विश्लेषण गर्दा जातीय आधारमा कामी, बाहुन, सन्यासी, दमाई, र मगर जातीमा महिलाको संख्या कम रहेको छ भने समग्रमा पुरुषको संख्या ५० वढी रहेको छ। पारिवारको आकारमा सबैभन्दा वढी वादी र राई जातीमा ७ रहेको छ भने सबैभन्दा कम दमाई जातीमा ४.५ रहेको छ। यो वडाको औषत परिवारको आकार भने ५.५४ प्रतिघरधुरी रहेको

छ जुन नेपालको राष्ट्रिय औषत ४.६ प्रति घरधुरी भन्दा ०.९४ प्रति घरधुरीले वढि हो । जसको विस्तृत विवरण तल प्रस्तुत गरिएको छः

क्र स	जात	भेरी नगरपालिका वार्ड नं ११ का बस्तीहरु					जम्मा	महिला	पुरुष	परिवारको आकार
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ कार्की गाउँ				
१	कामी	५०९	२५	५२४	१२९	३४४	१५३१	७४८	७८३	५.६
२	क्षेत्री	०	२५२	२६	१३२	५०८	९१८	४६२	४५६	५.४
३	बाहुन	०	१६	५६७	६३	२८	६७४	३३२	३४२	५.७
४	ठकुरी	०	०	६२	२६	१०	९८	४९	४९	५.८
५	सन्यासी	०	०	०	७३	०	७३	३३	४०	५.२
६	दमाई	०	०	३६	५	१०	५१	२२	२९	५.१
७	मगर	०	०	०	१४	४	१८	८	१०	४.५
८	वादी	०	०	०	०	७	७	४	३	७.०
९	थारु	०	०	०	५	०	५	४	१	५.०
१०	राई	०	०	०	०	७	७	४	३	७.०
	जम्मा	५०९	२९३	१२१५	४४७	९१८	३३८२	१६६६	१७१६	५.५४

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.७. थरका आधारमा घरधुरी तथा जनसंख्याको विवरण

भेरी नगरपालिका वार्ड नं ११ मा १० जातीको बसोबास रहेको कुरा माथि उल्लेख गरिसकिएको छ । उल्लेखित १० जाती भित्र ४७ थरका मानिसहरु बसोबास गर्छन । यहाँ कूल १४ थरीका क्षेत्री हरु बसोबास गर्दछन भने ९ थरका कामी बसोबास गर्दछन । त्यसै गरी १० थरका बाहुनहरु बसोबास गर्छन भने ६ थरी ठकुरी बसोबास गर्दछन । अन्य जातीहरुमा १ थरी दमाई, २ थरी मगर, वादी १, सन्यासी १ थर र राई १ थरका रहेका छन । थरका आधारमा विभिन्न जातीहरुको घरधुरी र जनसंख्या तल प्रस्तुत गरिएको छः

क्षेत्री जातीको थरका आधारमा घरधुरीको विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	कार्की	०	१	०	१	२३	२५	

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
२	खड्का	०	२	०	२	६	१०	
३	बस्नेत	०	१	०	०	१	२	
४	बिष्ट	०	२	०	०	१	३	
५	बुढा	०	३२	०	०	९	४१	
६	महतरा	०	२	०	२	४८	५२	
७	राना	०	९	०	४	४	१७	
८	रावत	०	०	१	०	०	१	
९	देवकोटा	०	०	२	०	०	२	
१०	बुढाथोकी	०	०	०	१	०	१	
११	रोकाय	०	०	०	११	०	११	
१२	गोसाई	०	०	०	१	०	१	
१३	बटला	०	०	०	४	०	४	
१४	खत्री	०	०	०	०	१	१	
	जम्मा	०	४९	३	२६	९३	१७१	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

क्षेत्री जातीको थरका आधारमा जनसंख्याको विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	कार्की	०	५	०	५	१२२	१३२	
२	खड्का	०	९	०	१५	३४	५८	
३	बस्नेत	०	७	०	०	५	१२	
४	बिष्ट	०	९	०	०	३	१२	
५	बुढा	०	१६५	०	०	४३	२०८	
६	महतरा	०	८	०	१०	२७५	२९३	

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
७	राना	०	४९	०	१६	१८	८३	
८	रावत	०	०	५	०	०	५	
९	देवकोटा	०	०	२१	०	०	२१	
१०	बुढाथोकी	०	०	०	६	०	६	
११	रोकाय	०	०	०	५३	०	५३	
१२	गोसाई	०	०	०	४	०	४	
१३	बटला	०	०	०	२३	०	२३	
१४	खत्री	०	०	०	०	८	८	
जम्मा		०	२५२	२६	१३२	५०८	९१८	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

कामी जातीको थरका आधारमा घरधुरीको विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	कामी	१४	१	१२	०	१०	३७	
२	लोहार	१६	०	१८	४	१३	५१	
३	वर	४९	१	४१	०	२५	११६	
४	चुनारा	४	०	१	०	०	५	
५	विक	८	१	११	३	१२	३५	
६	सुनार	१	०	०	१९	०	२०	
७	टमटा	०	१	२	०	१	४	
८	नेपाली	०	०	३	०	१	४	
९	तिरुवा	०	०	१	०	०	१	
	जम्मा	९२	४	८९	२६	६२	२७३	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

कामी जातीको थरका आधारमा जनसंख्याको विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	कामी	८१	८	५८	०	७०	२१७	
२	लोहार	८२	०	१११	२३	७०	२८६	
३	वर	२७२	७	२३९	०	१३७	६५५	
४	चुनारा	१५	०	५	०	०	२०	
५	विक	५०	८	६४	१४	५८	१९४	
६	सुनार	९	०	०	९२	०	१०१	
७	टमटा	०	२	१२	०	५	१९	
८	नेपाली	०	०	१९	०	४	२३	
९	तिरुवा	०	०	१६	०	०	१६	
जम्मा		५०९	२५	५२४	१२९	३४४	१५३१	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

ठकुरी जातीको थरका आधारमा घरधुरीको विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	चन्द	०	०	२	०	०	२	
२	हमाल	०	०	८	१	०	९	
३	शाह	०	०	०	१	२	३	
४	सेन	०	०	०	१	०	१	
५	शाही	०	०	०	१	०	१	
६	सिंह	०	०	०	१	०	१	
जम्मा		०	०	१०	५	२	१७	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

ठकुरी जातीको थरका आधारमा जनसंख्याको विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	चन्द	०	०	१९	०	०	१९	
२	हमाल	०	०	४३	५	०	४८	
३	शाह	०	०	०	७	१०	१७	
४	सेन	०	०	०	५	०	५	
५	शाही	०	०	०	४	०	४	
६	सिंह	०	०	०	५	०	५	
जम्मा		०	०	६२	२६	१०	९८	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

मगर जातीको थरका आधारमा घरधुरीको विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	घर्ती	०	०	०	२	०	२	
२	थापा	०	०	०	१	१	२	
जम्मा		०	०	०	३	१	४	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

मगर जातीको थरका आधारमा जनसंख्या विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	घर्ती	०	०	०	११	०	११	
२	थापा	०	०	०	३	४	७	
जम्मा		०	०	०	१४	४	१८	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

वाहुन जातीको थरका आधारमा घरधुरीको विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	जैसी	०	२	२७	१	१	३१	
२	आचार्य	०	०	४४	४	०	४८	
३	उपाध्याय	०	०	२	०	०	२	
४	गौतम	०	०	८	१	०	९	
५	देवकोटा	०	०	१	०	०	१	
६	न्यौपाने	०	०	१	०	०	१	
७	पौडेल	०	०	१	०	०	१	
८	भट्टराई	०	०	१	०	०	१	
९	रेग्मी	०	०	२	०	०	२	
१०	शर्मा	०	०	१४	६	२	२२	
जम्मा		०	२	१०१	१२	३	११८	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

वाहुन जातीको थरका आधारमा जनसंख्याको विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	जैसी	०	१६	१५८	८	११	१९३	
२	आचार्य	०	०	२३८	१९	०	२५७	
३	उपाध्याय	०	०	११	०	०	११	
४	गौतम	०	०	४६	५	०	५१	
५	देवकोटा	०	०	४	०	०	४	
६	न्यौपाने	०	०	४	०	०	४	
७	पौडेल	०	०	५	०	०	५	
८	भट्टराई	०	०	५	०	०	५	

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
९	रेग्मी	०	०	८	०	०	८	
१०	शर्मा	०	०	८८	३१	१७	१३६	
जम्मा		०	१६	५६७	६३	२८	६७४	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

दमाई जातीको थरका आधारमा घरधुरीको विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुपेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	नेपाली	०	०	३	०	१	४	
२	परियार	०	०	४	१	१	६	
जम्मा		०	०	७	१	२	१०	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

दमाई जातीको थरका आधारमा जनसंख्या विवरण

क्र स	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा	कैफियत
		कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ		
१	नेपाली	०	०	१९	०	४	२३	
२	परियार	०	०	१७	५	६	२८	
जम्मा		०	०	३६	५	१०	५१	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

माथि उल्लेखित जातका अतिरिक्त एक एक थर भएका जातिहरुको थरका आधारमा घरधुरी तथा जनसंख्याको विवरण एकै टेवलमा तल प्रस्तुत गरिएको छ।

एक एक मात्र थर भएका जातहरुको थरका आधारमा घरधुरीको विवरण

क्र स	जात	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा
			कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ	
१	वादी	गाइन	०	०	०	०	१	१

क्र स	जात	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा
			कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुप्रेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ	
२	सन्यासी	भारती	०	०	०	१४	०	१४
३	थारु	चौधरी	०	०	०	१	०	१
४	राई	राई	०	०	०	०	१	१
जम्मा			०	०	०	१५	२	१७

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

एक एक मात्र थर भएका जातहरुको थरका आधारमा जनसंख्याको विवरण

क्र स	जात	थर	भेरी नगरपालिका वार्ड नं ११ का वस्तीहरु					जम्मा
			कटि गाउँ करगाउँ	खोदा तिमिलेचौर सानचौर	वाहुन गाउँ कुपेकोट स्यालापानी	मटेला काँस्तरा	महतरागाउँ, कार्की गाउँ	
१	वादी	गाइन	०	०	०	०	७	७
२	सन्यासी	भारती	०	०	०	७३	०	७३
३	थारु	चौधरी	०	०	०	५	०	५
४	राई	राई	०	०	०	०	७	७
जम्मा			०	०	०	७८	१४	९२

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.८. जातीय तथा लिङ्गीय आधारमा घरमुलीको विवरण

प्रचलनका आधारमा र गृह संचालन प्रकृयाका आधारमा घरमुलीको परिभाषा फरक हुने गरेको छ । प्रचलनका आधारमा घरको जेष्ठ नागरिकलाई घरमुली मान्ने प्रचलन छ भने गृह संचालनका हिसावले घरको कारोवार गर्ने मुख्य व्यक्तिलाई घरमुली भनिन्छ । भेरी नगरपालिका वार्ड नं ११ को अध्ययनको क्रममा यहकाँ दुवै व्यक्तिहरुको विवरण लिएर विश्लेषण गरिएको छ तर पनि यो वडामा घरमुली र मुख्य कारोवारी व्यक्ति एउटै भएको पाइएको हुनाले अलग अलग प्रस्तुत गरिएको छैन ।यो वडाको घरधुरी स्तरवाट गरिएको अध्ययन र तथ्याङ्क संकलनले देखाएको आधारमा घरमुलीको विवरण तल प्रस्तुत गरिएको छः

वस्ती	वाहुन क्षेत्री		जनजाती		दलित		नखुलेको		जम्माघरमुली	
	महिला	पुरुष	महिला	पुरुप	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष
कटि गाउँ करगाउँ	०	०	०	०	८	८४	०	०	८	८४
खोदा तिमिलेचौर	३	४९	०	०	०	३	०	०	३	५२

वस्ती	वाहुन क्षेत्री		जनजाती		दलित		नखुलेको		जम्माघरमुली	
	महिला	पुरुष	महिला	पुरुप	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष
सानचौर										
वाहुन गाउँ कुप्रेकोट स्यालापानी	११	१०२	०	०	६	९१	०	०	१७	१९३
मटेला काँस्तरा	११	४६	१	३	३	२४	०	०	१५	७३
महतरागाउँ, कार्की गाउँ	४	९४	०	२	१	६४	०	०	५	१६०
जम्मा	२९	२९१	१	५	१८	२६६	०	०	४८	५६२
प्रतिशत	९%	९१%	१७%	८३%	६%	९४%	०%	०%	८%	९२%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

माथि उल्लेखित विवरण अनुसार ८% महिलाहरु मात्र घरमुली देखिएको छ। सुक्ष्म अध्ययन वाट अझ के देखिएको छ भने अधिकतम घरमा जेष्ठ नागरिक महिला भएमा घरमुलीमा छोराको नाम लेखिएको पाइएको छ भने जेष्ठ नागरिक पुरुष भएको अवस्थामा भने पुरुष नै लखिएको छ। जसलाई वुदागत रुपमा तल प्रस्तुत गरिएको छ।

- घरमुली महिला अत्यन्तै न्यून देखिएको छ।
- केवल ८% महिला मात्र घरको नेतृत्व गरिरहेका छन।
- महिलाहरुलाई घरको जिम्मेवारी सुम्पनेमा प्रायः सबै जातिमा समान अवस्था देखिएकोछ।

५.९.अपाङ्गता सम्बन्धी विवरण

अपाङ्ग शव्दको अर्थ कुनैपनि अंग विकृत भएको भन्ने हुन्छ। कतियपय अवस्थामा यो अंग भंग भएको वा विग्रिएको वा भाँचिएको हुन्छ भने कतिपय अवस्थामा हेर्दा भंग नभएको तर काम चाहि नगर्ने वा कम गर्ने हुन्छ। त्यसैले अपाङ्ग शव्द लाई काम संग जोडेर हेर्नु उपयुक्त हुन्छ। नियमित रुपमा समान्य अवस्थामा भन्दा अंग विग्रिएका कारणले काम गर्न नसक्ने अवस्थालाई अपाङ्ग भन्नु पर्छ। जस्तो हात खुट्टा भाँचिएको, नभएको, जलेको आँखा नभएको वा नदेख्ने जस्ता कुराहरु प्रत्यक्ष रुपमा नै विकृत भएका हुन्छन। तर कान नसुन्ने (वहिरा) प्रत्यक्ष रुपमा हेर्दा अपाङ्ग देखिदैन तर उनीहरु पनि यो

परिभाषा भित्र पर्दछन। नेपाल सरकारले गरेको परिभाषाका आधारमा भेरी नगरपालिका वार्ड नं ११ को पनि मुख्य ४ वटा समुहमा राखेर तथ्याङ्क संकलन गरिएको छ। जसको विवरण तल प्रस्तुत गरिएको छः

वस्ती	वाहुनक्षेत्री				जनजाती				दलित				जम्मा				कूल जम्मा
	पुर्ण	अधिक	मद्यम	आंशिक	पुर्ण	अधिक	मद्यम	आंशिक	पुर्ण	अधिक	मद्यम	आंशिक	पुर्ण	अधिक	मद्यम	आंशिक	
कटि गाउँ करगाउँ	०	०	०	०	०	०	०	०	२	१	८	२	२	१	८	२	१३
खोदा तिमिलेचौर सानचौर	३	०	४	४	०	०	०	०	०	०	०	०	३	०	४	४	११
वाहुन गाउँ कुप्रेकोट स्यालापानी	१	४	४	५	०	०	०	०	०	०	६	८	१	४	१०	१३	२८
मटेला काँस्तरा	०	०	२	४	०	०	०	०	१	०	०	३	१	०	२	७	१०
महतरागाउँ, कार्की गाउँ	४	४	५	२	०	१	०	०	०	२	५	२	४	७	१०	४	२५
जम्मा	८	८	१५	१५	०	१	०	०	३	३	१९	१५	११	१२	३४	३०	८७

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

उल्लेखित विवरणवाट के देखिएको छ भने भेरी नगरपालिका वार्ड नं ११ मा कूल ८७ जना अपाङ्गहरु रहेका छन। जसमध्ये पनि ११ जना जना पुर्ण अपाङ्ग रहेका छन। जातीय हिसावले सबै भन्दा वढी वाहुन क्षेत्रीमा ४६ जना अपाङ्ग देखिएको छ भने जनजातीमा १ जना र दलितमा ४० जना रहेका छन। यो संख्या जातीय सघनताको अनुपातमा कूल जनसंख्याको ५२% बाहुन क्षेत्री रहेकोमा अपाङ्गमा ५३% रहेको छ। त्यस्तै कूल जनसंख्यामा १% जनजाती रहेकोमा अपाङ्गमा १% रहेको छ भने कूल जनसंख्यामा ४७% रहको दलित समुदायमा भने अपाङ्गमा ४६% रहेको छ। पुर्ण अपाङ्गताका विषयमा भने कूल पुर्ण अपाङ्ग मध्ये वाहुन क्षेत्रीमा ७३% छन भने जनजातीमा ०% र दलितमा २७% रहेको छ।

५.१०.घरको छानो तथा गारो सम्बन्धी विवरण

आधारभुत आवश्यकताको प्रमुख तीन पक्ष मध्ये आवास दोश्रो हो तर कुनैपनि व्यक्ति वा समुदायको जीवन स्तर मापन गर्ने आधारमा घर पहिलो नं मा आउछ। कस्को घर कति राम्रो र सुविधा सम्पन्न छ भन्ने आधारमा उसको जीवन स्तर निर्धारण हुन्छ तर यो तथ्याङ्क संकलन चाहि भेरी नगरपालिका वार्ड नं ११ का कुन घरधुरीको कतिको सुरक्षित आवास छ भन्ने आधारमा विश्लेषण गरिएको छ। सामान्यता फुसको छानो भन्दा ढुंगा इटाको छानो भएको घर वलियो हुन्छ भने भाटा तथा अन्य चिज हरु प्रयोग गरेको भनेको भन्दा ढुंगा माटो वा इटा तथा सिमेन्ट प्रयोग गरेको गारो वलियो र सुरक्षित हुन्छ। सामाजिक सुरक्षामा यो पनि प्रमुख विषय रहेन भएको हुनाले वस्ति

स्तरमा त्यसको विवरण संकलन गरिएको छ प्राविधिक हिसावले चाहि गारो कस्तो हुनुपर्छ र कस्तो छ भन्ने विषयमा भने विवरण संकलन गरिएको छैन जुन तल प्रस्तुत गरिएको छः

वस्तीहरु	छानाकोप्रकार					गारोकोप्रकार						जम्मा
	खर	टीन	ढलान	ढुंगा	अन्य	ढुंगामाटो	ढुंगासिमेन्ट	काठ	वाँसको	टीनको	अन्य	
कटि गाउँ करगाउँ	१	२	०	८६	३	९१	०	०	०	१	०	९२
खोदा तिमिलेचौर सानचौर	०	५	०	४५	५	५३	०	१	०	१	०	५५
वाहुन गाउँ कुप्रेकोट स्यालापानी	३	५	०	१८४	१८	२००	०	०	१	९	०	२१०
मटेला काँस्तरा	०	२	१	७६	९	८८	०	०	०	०	०	८८
महतरागाउँ, कार्की गाउँ	०	२	०	१५२	११	१६५	०	०	०	०	०	१६५
जम्मा	४	१६	१	५४३	४६	५९७	०	१	१	११	०	६१०
प्रतिशत	१%	३%	०%	८९%	८%	९८%	०%	०%	०%	२%	०%	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

यो तालिकाले देखाए अनुसार भेरी नगरपालिका वार्ड नं ११ का कूल ६१० घरधुरी मध्ये ८९% घरधुरी ढुंगाको छानो भएका छन भने १% खरको र ३% टीनको छानो भएकाछन। ८% घरधुरीहरु अझैपनि वाँस प्लास्टिक आदिले छाएकाछन भने १ वटा घरधुरिको छानो ढलान गरिएको छ। त्यस्तै गारोको हकमा ९८% घरको गारो ढुंगा माटोको वनेको छ भने ढुंगा सिमेन्ट प्रयोग गरेर वनाएका घरहरु २% टिनको रहेकाछन एउटा घर वाँसको गारो भएको छ। यसले के देखाउछ भने सबैजसो घरधुरिहरु उपयुक्त आवास छन।

५.११.घर सम्म पुग्ने वाटो सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ११ सदरमुकाम नजिक भएपनि सबै घरधुरीहरु सडकको पहुचमा छैनन। यो वार्ड नं ११ का कूल ६१० घरधुरी मध्ये ६% अर्थात ३७ घरधुरीमा सडकको पहुँच पुगेको छ भने ६३% अर्थात ५७३ घरधुरी मा पुग्न अझै पैदल वाटोको सहारा लिनु पर्ने अवस्था छ।

वस्तीहरु	घरपुग्ने वाटो					जम्मा	कैफियत
	गोरेटो	घोरेटो	कच्ची	ग्राभेल	पक्की		
कटि गाउँ करगाउँ	१	९१	०	०	०	९२	१
खोदा तिमिलेचौर सानचौर	२	४९	३	०	१	५५	२

वस्तीहरु	घरपुग्ने वाटो					जम्मा	कैफियत
	गोरेटो	घोरेटो	कच्ची	ग्राभेल	पक्की		
वाहुन गाउँ कुप्रेकोट स्यालापानी	१३	१८४	११	०	२	२१०	१३
मटेला काँस्तरा	४	६५	१	०	१८	८८	४
महतरागाउँ, कार्की गाउँ	१	१६३	१	०	०	१६५	१
जम्मा	२१	५५२	१६	०	२१	६१०	२१
प्रतिशत	३%	९०%	३%	०%	३%	१००%	३%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.१२.स्वामित्वका आधारमा घरधुरीको विवरण

भेरी नगरापालिका वार्ड नं ११ भित्र हाल बसोबास गर्दै आएका ६१० घरधुरी मध्ये ६०० घरधुरीको आफ्नै निजी घर हुनु राम्रो पक्ष हो। भाडामा वस्ने वा साहुकोमा अधियामा वा ज्यालमा बसोबास गर्ने १ घरधुरी रहेका छन। सरकारी भवनमा बसोबास गर्ने ७ घरधुरी रहेकाछन भने २ घरधुरी अन्यत्र बसोबास गर्दै आएका छन्। यसले के देखाएकोछ भने भेरी नगरपालिका वार्ड नं ११ मा हाल ३ घरधुरीको आफ्नो निजि आवास छैन त्यसको व्यवस्थापनको जरुरी रहेको छ। स्वामित्वका आधारमा वार्ड स्तरीय घरधुरिको विवरण तल प्रस्तुत गरिएको छः

वस्तीहरु	घरको स्वामित्व					जम्मा	कैफियत
	नीजि	भाडा	संस्थाको	सरकारी	अन्य		
कटि गाउँ करगाउँ	९२	०	०	०	०	९२	९२
